नयाँ खबरको शुरुवात

# कामना खबर

Kamana Khabar Weekly साप्ताहिक

वर्ष : १ ✸ अंक : ४ ✸ २०८० साल, जेठ ३१ गते बुधबार, ✸ Wednesday 14 June, 2023 ✸ मूल्य रु. ५/- ✸ पृष्ठ : ६

# मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवलाई दोश्रो पटक सिंगो सदनको विश्वासको मत



जनकपुर । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले दोश्रो पटक सिंगो सदनमा उपस्थित सांसदको विश्वासको मत पाउनुभएको छ । नेकपा एमालेले जेठ १ गते समर्थन फिर्ता लिएपछि आज ३० औं दिनको दिन आकस्मिक रुपमा यादवले विश्वासका मत लिनुभएको हो । उहांलाई प्रमुख प्रतिपक्षी नेकपा एमालेसहित सदनका सबै दल र स्वतन्त्र सांसदले विश्वासको मत दिएका छन् । विश्वासको मतको पक्षमा १०३ मत परेको छ । सदनमा १०३ सांसद उपस्थित थिए ।

यसअघि पहिलो पटक मुख्यमन्त्री यादवले माघ ४ गते प्रदेशसभामा सिंगो मत पाउनुभएको थियो । पुस २७ गते मधेश प्रदेश सभाको ठूलो दल नेकपा एमाले सहितका दलको समर्थनमा जसपा संसदीय दलका नेता यादव मुख्यमन्त्री बन्नु भएको थियो । समीकरण फेरिएपछि चैत २१ मा मधेश सरकारबाट बाहिरिएको एमाले जेठ १ गते समर्थन फिर्ता लिएको थियो । सरकारलाई दिएको समर्थन कुनै दलले फिर्ता लिएमा पुनः ३० दिन प्रदेश सभाबाट विश्वासको मत


*(बाँकी तीन पेजमा)*

## मालपोत कार्यालय बाराका दुइजना खरिदारबिरुद्ध भ्रष्टाचार मुद्दा दायर




काठमाण्डौ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला मालपोत कार्यालय, बारामा कार्यरत खरिदार रामविश्वास साह र गौरीशंकर कुमार कुशवाहामाथि घुस लिई भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेको छ । अखितयारका अनुसार जग्गा रजिष्ट्रेसन पास गर्नका लागि सेवाग्राहीसँग १५ हजार रुपैयाँ घुस मागेको भन्ने सूचना पाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडाबाट खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको थियो । १५ हजार बिगो कायम गरी उनीहरुमाथि मुद्दा दायर गरेको अख्तियारले जनाएको छ ।

## अशोक स्टिलमा सिलिन्डर पड्किदा कामदारको मृत्यु,पिडितलाई क्षेतिपुर्ती दिएर मिले पछी उधोगका पक्राउ गरिएका कर्मचारी रिहा




सिमरा । अशोक स्टिलमा भट्टीको ग्यास सिलिन्डर पड्किदा एक जना कामदारको मृत्यु भएको छ। पथलैया विरगञ्ज सडक खण्डको जीतपुरसिमरा उपमहानगरपालिका

*(बाँकी चार पेजमा)*

## निजगढ नगरपालिकाद्वारा सुरक्षित नागरिक आवास कार्यक्रममा छनौट भएका लाभग्राहीहरुलाई पहिलो किस्ताको रकम हस्तान्तरण



निजगढ । निजगढ नगरपालिकाले अफनो क्षेत्र भित्रका सुरक्षित नागरिक आवास कार्यक्रममा छनौट भएका लाभग्राहीहरुलाईपहीलो किस्ता बापतको रकम उपलब्ध गराएको छ । सो आवास कार्यक्रममा छनौट भएका १३० जना लाभग्राहीहरुलाई एक कार्यक्रम बीच नगर प्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङले चेक हस्तान्तरण गरी शुभारम्भ गरेका हुन ।

विपन्न नागरिकहरुका खर, पराल,आसवेटस,विटुमिन, डूम, खपटा वा यस्तै प्रकृतिका आगो,पानी तथा हुरिबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएका घरका छानालाई बिस्थापित गरी जस्तापाताको छाना लगाउने कार्यकम रहने छ ।

उक्त कार्यक्रममा छनौट भएका लाभग्राहीले सुरक्षित नागरिक आवास निर्माणकालागी रु ७५ हजार रुपैयां पाउने छन भनेउनीहरुलाई पहिलो किस्ता बापत रु.४५ हजार उपलब्ध गराइएको छ । लाभग्राहीहरुले पहिलो किस्ता बापतको रकम बुभी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम जस्ताको छाना लगाएपछि प्राविधिकको अनुगमन पश्चात दोश्रो किस्ता बापत रु.३० हजार रकम उपलब्ध गराइनेछ। उक्त कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौला, ३ नं. वडा अध्यक्ष गोकुल

*(बाँकी पाँच पेजमा)*



*प्रकाशक*
श्री रिम मिडिया एण्ड स्कील प्रा.लि.

*अध्यक्ष / सम्पादक*
चन्द्रलाल पौडेल

*सह-सम्पादक*
श्रीराम रेग्मी

कार्यालयः जीतपुरसमरा उपमहानगरपालिका वडा नं. २, बारा
मोबाईल नं. ९८५५०२२५४७
इमेल ठेगानाः kamanakhabar@gmail.com
Website : www.kamnakhabar.com
Facebook page : kamana khabar
मुद्रकः के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगंज-१३, पर्सा

# बन्द उद्योगमा सरकारको ध्यान गएन

देशको अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा दिनसक्ने यस्ता उद्योग भग्नावशेष अवस्थामा पुग्ने र भएका उद्योगहरू पनि बन्द हुँदै जाने हो भने देशले थप आर्थिक संकट व्यहोर्नुपर्ने हुन्छ । देशका पुराना र ठूला सरकारी उद्योगहरू प्रायः बन्द भइसकेका छन् । सञ्चालनमा रहेका उद्योगहरू पनि जीर्ण अवस्थामा छन् । देशको अर्थतन्त्रलाई महत्त्वपूर्ण टेवा दिनसक्ने उद्योगहरू धमाधम बन्द हुँदै गर्दा सञ्चालनमा रहेका उद्योगहरू पनि प्रायः घाटामा छन् । महत्त्वपूर्ण उदाहरण हो, सिन्धुपाल्चोकको बलेफीस्थित लामोसाँघुमा स्थापित नेपाल ओरियन्ट म्याग्नेसाइट उद्योग । जबकि जर्मन कम्पनी ग्रान्डस्टक टेक्निकलको सहयोगमा खानी विभागले स्थापनाकालमै १० वर्ष लगाएर गरेको खानीको विस्तृत अध्ययनअनुसार खरीढुंगा क्षेत्रका दुई खानीमा ३० करोड टन म्याग्नेसाइट रहेको अनुमान छ । जबकि उद्योग पूर्ण क्षमतामा सञ्चालनमा आएमा उक्त उद्योगमा २ सय ५० वर्षसम्म पुग्ने म्याग्नेसाइट र खरी रहेको पनि अध्ययन प्रतिवेदन छ ।

तर, यो उद्योगलाई पनि राज्यले टिकाउन सकेन । उद्योग सञ्चालन गर्न सके वार्षिक अबौं रुपैयाँको म्याग्नेसाइटको उत्पादन विश्व बजारमा निर्यात गर्न सकिन्छ । नेपाली म्याग्नेसाइटले बजार लिँदा चीन, भारत र बंगलादेशको उत्पादनलाई समस्यामा पारेको थियो । उद्योगबाट वार्षिक ३ अर्ब ११ करोड रुपैयाँबराबरको उत्पादन बिक्री गर्न सकिने अवस्था थियो । ८३ प्रतिशत सेयरको मालिक नेपाल सरकारले चाहेमा जतिबेला पनि यो उद्योग सञ्चालन हुन सक्छ । कम्पनीप्रति सरकारको धारणा स्पष्ट नभएका कारण कारखाना बन्द भएको हो । बलियो सम्भावना भएर पनि सरकार भने यो उद्योग पुनः सञ्चालन गर्ने मनस्थितिमा छैन । कुनै समय दक्षिण एसियाकै ठूलो यो म्याग्नेसाइट उद्योगको अहिले भग्नावशेष मात्रै भेटिन्छ । विगत २५ वर्षदेखि यो पूर्ण रूपमा बन्द छ । सिन्धुपाल्चोक हुँदै दोलखासम्म फैलिएको यो उद्योग राजनीतिक र व्यापारिक स्वार्थको सिकारका कारण भग्नावशेष अवस्थामा पुगेको हो ।

उद्योग पुनः सञ्चालन गरिनुपर्ने आवाज संसद्मा पनि उठेको छ । विश्व बजारमा म्याग्नेसाइट उद्योगबाट उत्पादन हुने डेड बर्न्ट म्याग्नेसाइटको माग उच्च छ । जसका कारण उद्योग सञ्चालनका लागि अधिग्रहण गरेको ५ हजार ५ सय ६६ रोपनी जमिनसमेत अलपत्र छ । सरकार र खेतान समूहबीचको अदूरदर्शी नीतिका कारण ओरियन्ट म्याग्नेसाइट बन्द हुन पुगेको थियो । राजनीति र कुनै समूहको स्वार्थभन्दा माथि उठेर यो र मुलुकभरका यस्तै दर्जनौं अन्य किसिमका उद्योग पुनः सञ्चालन गर्नेतर्फ राज्य गम्भीर हुनुपर्छ । देशको अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा दिनसक्ने यस्ता उद्योग भग्नावशेष अवस्थामा पुग्ने र भएका उद्योगहरू पनि बन्द हुँदै जाने हो भने देशले थप आर्थिक संकट व्यहोर्नुपर्ने हुन्छ । देशका पुराना र ठूला सरकारी उद्योगहरू प्रायः बन्द भइसकेका छन् । सञ्चालनमा रहेका उद्योगहरू पनि जीर्ण अवस्थामा छन् । देशको अर्थतन्त्रलाई महत्वपूर्ण टेवा दिनसक्ने उद्योगहरू धमाधम बन्द हुँदै गर्दा सञ्चालनमा रहेका उद्योगहरू पनि प्रायः घाटामा छन् । महत्त्वपूर्ण उदाहरण हो, सिन्धुपाल्चोकको बलेफीस्थित लामोसाँघुमा स्थापित नेपाल ओरियन्ट म्याग्नेसाइट उद्योग । जबकि जर्मन कम्पनी ग्रान्डस्टक टेक्निकलको सहयोगमा खानी विभागले स्थापनाकालमै १० वर्ष लगाएर गरेको खानीको विस्तृत अध्ययनअनुसार खरीढुंगा क्षेत्रका दुई खानीमा ३० करोड टन म्याग्नेसाइट रहेको अनुमान छ । जबकि उद्योग पूर्ण क्षमतामा सञ्चालनमा आएमा उक्त उद्योगमा २ सय ५० वर्षसम्म पुग्ने म्याग्नेसाइट र खरी रहेको पनि अध्ययन प्रतिवेदन छ ।

तर,यो उद्योगलाई पनि राज्यले टिकाउन सकेन । उद्योग सञ्चालन गर्न सके वार्षिक अबौं रुपैयाँको म्याग्नेसाइटको उत्पादन विश्व बजारमा निर्यात गर्न सकिन्छ । नेपाली म्याग्नेसाइटले बजार लिँदा चीन, भारत र बंगलादेशको उत्पादनलाई समस्यामा पारेको थियो । उद्योगबाट वार्षिक ३ अर्ब ११ करोड रुपैयाँबराबरको उत्पादन बिक्री गर्न सकिने अवस्था थियो । ८३ प्रतिशत सेयरको मालिक नेपाल सरकारले चाहेमा जतिबेला पनि यो उद्योग सञ्चालन हुन सक्छ । कम्पनीप्रति सरकारको धारणा स्पष्ट नभएका कारण कारखाना बन्द भएको हो । बलियो सम्भावना भएर पनि सरकार भने यो उद्योग पुनः सञ्चालन गर्ने मनस्थितिमा छैन । कुनै समय दक्षिण एसियाकै ठूलो यो म्याग्नेसाइट उद्योगको अहिले भग्नावशेष मात्रै भेटिन्छ । विगत २५ वर्षदेखि यो पूर्ण रूपमा बन्द छ । सिन्धुपाल्चोक हुँदै दोलखासम्म फैलिएको यो उद्योग राजनीतिक र व्यापारिक स्वार्थको सिकारका कारण भग्नावशेष अवस्थामा पुगेको हो । उद्योग पुनः सञ्चालन गरिनुपर्ने आवाज संसद्मा पनि उठेको छ । विश्व बजारमा म्याग्नेसाइट उद्योगबाट उत्पादन हुने डेड बर्न्ट म्याग्नेसाइटको माग उच्च छ । जसका कारण उद्योग सञ्चालनका लागि अधिग्रहण गरेको ५ हजार ५ सय ६६ रोपनी जमिनसमेत अलपत्र छ । सरकार र खेतान समूहबीचको अदूरदर्शी नीतिका कारण ओरियन्ट म्याग्नेसाइट बन्द हुन पुगेको थियो । राजनीति र कुनै समूहको स्वार्थभन्दा माथि उठेर यो र मुलुकभरका यस्तै दर्जनौं अन्य किसिमका उद्योग पुनः सञ्चालन गर्नेतर्फ राज्य गम्भीर हुनुपर्छ । देशको अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा दिनसक्ने यस्ता उद्योग भग्नावशेष अवस्थामा पुग्ने र भएका उद्योगहरू पनि बन्द हुँदै जाने हो भने देशले थप आर्थिक संकट व्यहोर्नुपर्ने हुन्छ ।

# बरालिएको संसद, बहकिएको बहस

खिमलाल देवकोटा

संविधानसभाले बनाएको संविधान बमोजिमको संघीय संसदको दोस्रो कार्यकालको बैठक चालु छ । जनताद्वारा निर्वाचित वैधानिक संस्था संविधानसभा मार्फत बनेको संसारका कमै मध्येको नेपालको संविधान हो । यही संविधानले नेपाललाई एकैपटक राजतन्त्रबाट गणतन्त्र, एकात्मकबाट संघात्मक, हिन्दु अधिराज्यबाट धार्मिक स्वतन्त्रता सहितको धर्मनिरपेक्ष राज्य र असमावेशीबाट समावेशी राज्यमा रूपान्तरण गरेको हो ।

संसदको स्वीकृति विना कर लगाउने र खर्च गर्ने अधिकार छैन भन्ने मान्यताको अनुयायी नेपालको संसद पनि हो । अझ नेपालको सन्दर्भमा त सार्वभौमसत्ताको प्रयोग गर्ने थलोका रूपमा यसलाई लिने गरिन्छ । नेपाली जनतामा निहित रहेको सार्वभौमसत्ताको प्रयोग गर्ने थलो संसद संविधान र सभ्य अभ्यास बमोजिम चलोस् भन्ने अपेक्षा सबैको रहेको हुन्छ । तर यो बीचमा चलेका संसदका बैठकहरू त्यो स्तरका देखिएनन् । संसदमा गर्न हुने र नहुने सबै खाले गतिविधि देखा पर्न थाले ।

संसद आफैंले बनाएको नियमको पालना बनाउनेहरूले नै उल्लंघन गर्ने र संसदको नेतृत्वकर्ता सभामुखले नियमको रक्षा र पालना गराउन नसक्ने मात्र हैन यदाकदा आफैं समेत नियम उल्लंघनको पात्र बन्न पुग्ने अवस्था आयो । फ्लोरबाट सभामुखले गरेको निर्णयको टिप्पणी मात्र हैन, आलोचना समेत हुन थाले । यो दुर्भाग्यपूर्ण अवस्थाको दृश्य मन लागे पनि नलागे पनि हेर्न बाध्य छन् नेपाली जनता । यो टिप्पणी यही विषयमा केन्द्रित छ ।

संसद नीति-निर्माताहरूको थलो हो । तर संसदमा नीतिगत बहस शून्यप्रायः छ । जब संसदमा नीतिगत बहस शून्यमा पुग्छ तब नीति विहीनताको आरम्भ हुन्छ । नीति विहीनताले अराजकताको आमन्त्रण गर्दछ । संसदमा नीति कार्यक्रम प्रस्तुत भयो तर नीति कार्यक्रमका बारेमा गहिरिएर छलफल भएन । आ-आफ्ना सत्ता गुमेका र सत्ता टिकाउन नसकेका र सत्ता टिकाउन गरिएका प्रयत्नहरू छ्यालब्याल देखा परे । एकअर्का विरुद्ध लक्षित र लाञ्छित अभिव्यक्तिहरूको ओइरो लाग्यो । सही अर्थमा नीति कार्यक्रमले के भन्न र गर्न खोजेको हो ? यो नीति कार्यक्रम पारित हुँदा मुलुक कहाँ पुग्छ ? भन्ने बारेमा चर्चा भएन । प्रतिपक्षीले वैकल्पिक नीति कार्यक्रम प्रस्तुत गर्न पनि सकेनन् र सरकारले पेश गरेको नीति कार्यक्रमको निराधार आरोप र खण्डनको शैली मात्रै अपनाए ।

संसदको नियमित प्रक्रिया 'हुन्छ' वा 'हुन्न' भन्ने बेलामा 'हुन्न' भन्ने आवाज निकाल्यो । यो बाहेक अरू केही गर्न सकेन । प्रतिपक्षीका बोलीमा दम थिएन । स्पष्टता पनि थिएन । आरम्भमा यो नीति कार्यक्रम झुटको पुलिन्दा भन्दै सुरु भयो । मध्यतिर अघिल्लो सरकारको हुबहु नक्कल गरेको र यो सरकारको नयाँ केही पनि नभएको भन्दै फ्लोरबाट ताली पनि खायो ।

अन्त्यमा यो नीति कार्यक्रमको विपक्षमा मतदान गर्ने कसम खायो र रोष्टमबाट तल झर्‍यो । सत्ता पक्षको पालो पनि नीति कार्यक्रमको व्याख्यान हैन, प्रतिपक्षी आलोचनाको प्रति-आलोचनामा समय गुजारेर सकियो ।

राष्ट्रपतिको नीति कार्यक्रम २ घण्टा लामो थियो । प्रमुख प्रतिपक्षी दलका नेताको पनि झण्डै २ घण्टाको । यसो गर्नाको तात्पर्य राष्ट्रपतिको सम्बोधनलाई ओझेल पार्नु थियो । सरकारको नीति कार्यक्रमको केस्रा-केस्रा केलाउने झन्झट प्रतिपक्षीलाई पनि गर्नु थिएन, गरेन ।

संसदीय अभ्यासमा 'हाउस इन अर्डर' भन्ने गरिन्छ । यसको मर्म हो, सदन ढंगले चल्नुपर्छ । त्यसैका लागि सभामुख, नियमावली, परामर्श समिति बनाइएको हो । सभामुखलाई विश्वास गरेर सदनको नेता बनाएको हो । सदनमा विना प्रस्ताव छलफल हुँदैन भन्ने लेखिएको छ । विना एजेण्डामा छलफल हुन सक्दैन । यसका अलावा पनि सदनको काम-कारबाहीलाई डिरेल गर्न प्रयत्न भएको छ । सदन डिरेल हुने कुरा सदनको काम-कारबाहीका हिसाबले राम्रो मानिंदैन

एवं रितले सरकारले प्रि-बजेट छलफलको आयोजना गर्‍यो । संसदमा बजेटका सिद्धान्त र प्राथमिकताको दस्तावेज नै पेश गर्‍यो । फेरि पनि बजेटको सिद्धान्त र प्राथमिकतामा मिहिनेत गर्ने र वैकल्पिक प्रस्ताव गर्ने झन्झट प्रतिपक्षमा रहेका सांसद कसैले पनि गर्न आवश्यक ठानेनन् ।

नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकताका आधारमा बजेट आयो कि आएन ? त्यसमा पनि अध्ययन, चिन्तन, मनन गर्ने र बजेटका सबै पाटा पक्षका बारेमा चर्चा गर्ने, कमी-कमजोरी रहेका भए उजागर गर्नेसम्मको मिहिनेत कसैले गर्न आवश्यक ठानिरहेको छैन ।

सत्ता पक्षलाई लागेको छ, बहुमत छ पारित भइहाल्छ, किन चिन्ता गर्नू ! त्यसैगरी प्रतिपक्षीलाई पनि लागेको छ, बजेट असफल गराउन मत छैन किन दुःख गर्नु, सदनमा बोलेर हुने कुरा केही हैन । फेरि बोली नै हालियो भने पनि सत्ता पक्षको बजेटको प्रचार मात्रै हुने । बरु सत्ता पक्षको बजेटको विज्ञापन हुने गरी बोल्न भन्दा सदनलाई विषयान्तर गरेर हल्लाखल्ला गर्न सके मिडियाको नजरमा परिने, सामाजिक सञ्जालमा भाइरल बन्न सकिने । यसो किन नगर्ने भन्ने मनोविज्ञानले प्रतिपक्षी सदनमा अलमलिएको देखियो ।

यसलाई ट्र्याकमा ल्याउने प्रयत्न सभामुखले गर्नुपर्थ्यो । उनले सकेनन् वा जानेनन् वा चाहेनन् । त्यही रूपमा सरकारले पनि गरेन । फलतः सदन निश्चित एजेण्डामा हैन, एजेण्डा विहीनतामा दौडियो । जबकि संसदको नियमावलीले विना एजेण्डा सदनमा कुनै पनि विषयमा छलफल हुँदैन भनेर लेखिएको छ । पारित गर्नेले नै नियमावली नमानेपछि कसले मानिदिने ?

यो हालतमा पुग्दै गर्दा सदनको गरिमा, महत्व र मानमा समेत आँच पुगेको छ । हेक्का रहोस्, सदनको मर्यादा कायम गर्न नसकेको बात आज नभए पनि भविष्यमा समेत लाग्नेछ । प्रधानमन्त्रीले समय मागेका बेला बोल्न समय दिनुपर्छ । त्यसमा पनि विदेश भ्रमण जाँदा र फर्कंदा सदनलाई जानकारी गराउनुपर्छ । सदनमा जानकारी दिन प्रधानमन्त्री उपस्थित हुँदा प्रतिपक्षले सदन अवरुद्ध गर्छ । सभामुख यसलाई रोक्न सक्दैनन् वा चाहँदैनन् । सदन अलमलमा पर्छ । प्रधानमन्त्रीलाई प्रश्न सोधिन्छ, जवाफ दिन लाग्दा सदनमा हंगामा हुन्छ । सभामुखले बैठकलाई मर्यादित बनाउन चाहनुहुन्न वा सक्नुहुन्न । प्रधानमन्त्री बोल्दाबोल्दै डिस्टर्ब हुन्छ । सभामुखले डिस्टर्ब नगर्न रुलिङ गर्दैनन् । बरु प्रधानमन्त्रीलाई रोकेर उनैलाई समय दिन्छन् । केमा नियमापत्ति हो, सोध्दैनन् । के भन्न खोज्नु'भा भन्छन् ।

कुरा सुन्दा उसको नियमापत्ति हुँदैन । बरु प्रधानमन्त्रीले बोलेको मन पर्दैन । सदनमा कसैले पनि बोलेको मन परे पनि नपरे पनि संसदको नियम मिचेको छैन भने आपत्ति गर्न पाइँदैन । नियमापत्ति भनेको नियम बमोजिम सदन चलेन भनेर ध्यानाकर्षण गराउने विषय हो भन्ने कुरा नियम पास गर्ने माननीय आफैंले जान्दैन ।

त्यसैको भारी सभामुखले बोक्न बाध्य हुन्छन् । तपाइँको नियमापत्ति मिलेन भन्ने हिम्मत पनि सभामुख गर्दैनन् । अनि जे बोले पनि हुने रहेछ भन्ने अभ्यास आरम्भ हुन्छ । प्रधानमन्त्रीले जवाफ दिइसकेपछि

*(बाँकी तीन पेजमा)*

जन्म, मृत्यु, बसाइ सराइ, बिवाह र सम्बन्ध बिच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ-आफ्नो वडा कर्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनि मान्यता प्राप्त गरौं ।

पर्सागढी नगरपालिकाको कार्यालय
हरपुर, पर्सा

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ

ठोरी गाउँपालिका
ध्याङडाडा, पर्सा

# मनोरञ्जन

## तेरिया मगर भारतीय सिरियल "स्वराज"मा



काठमाडौं। नेपाली डान्सर तेरिया फौजामगरले भारतीय टेलिभिजन सिरियल 'स्वराज'मा अभिनय गरेकी छन् । उनले यसमा रानी गैदेल्लु नामक नागाल्याण्डकी एक किशोरीको भूमिकामा अभिनय गरेकी छन् । इन्स्टाग्राममा उनले यो सिरियलको टिजर सार्वजनिक गरेकी छन् ।

'यस्तो वीर चरित्र रानी गैदेनलुको भूमिका गर्नु उल्लेखनीय क्षण रह्यो। धेरै कुरा सिक्नुपर्‍यो । यसको छायांकन गर्दा पनि लामो समय बित्यो,' टिजर सार्वजनिक गर्दै उनले लेखेकी छन् । नेपाली फिल्ममा अभिनय गर्न अस्वीकार गरेकी तेरियाले भारतीय टिभी सिरियल खेलेको कुरा सार्वजनिक गरेकी हुन् । टिजरमा उनलाई उल्लेख्य भूमिका दिइएको छ। जहाँ उनलाई रानी गैदेल्लुको भूमिकामा देख्न सकिन्छ। उनको लडाकु चरित्र एक्सनप्रधान देख्न सकिन्छ । यो सिरियल आइतबार बेलुका ९ बजे प्रसारण हुने समेत उनले जनाएकी छन् । रुपन्देही घर भएकी तेरिया डान्स इण्डिया डान्स लिल मास्टर्स र झलक दिखलाजा सिजन ९ जस्ता भारतीय टेलिभिजन रियालिटी शोका विजेता समेत हुन्। यो सिरियलले प्रत्येक एपिसोडमा भारतीय स्वतन्त्र सेनानीको कथा पेश गर्छ।

## बरालिएको ...............

यो छलफल यहीं समाप्त हुन्छ भन्दै बैठक अर्को एजेण्डामा प्रवेश गर्छ। तर सभामुख प्रतिपक्षी नेतालाई बोल्नका लागि समय दिन्छन् । दुनियाँको चलन के हो भने मन्तव्य दिन चाहने मन्त्री, प्रधानमन्त्री, प्रतिपक्षी नेता बैठकको आरम्भमा समय माग गर्ने र बोल्ने हो । सो विषय पनि बैठकको कार्य सूचीमा आउनु राम्रो हुन्छ। तर प्रधानमन्त्रीको प्रतिउत्तर पछि त्यसैलाई ओझेल पार्नका लागि प्रतिपक्षीले सदनको समयको र सभामुखको कुर्सीको दुरुपयोग हुन्छ। सभामुख त्यसै गर्न बाध्य छन् ।

सभामुखले समयोचित ध्यान दिन सकेको देखिएन। यसले आउँदा दिनमा पनि हाउसको अर्डर भत्किने खतरा बढाउँछ । हाउस अर्डरमा नहुँदा प्रतिपक्षले बोल्ने प्लेटफर्मको अन्त्य हुन्छ। प्रतिपक्षको आवाज विनाको सदन र लोकतन्त्र दुवै औचित्यहीन हुन पुग्दछन्

सभामुख भनेको हाउसको नेता हो। बैठक व्यवस्थित गर्न नियममा लेखिएका र नलेखिएका धेरै अधिकार सभामुखमा निहित हुन्छन् । त्यसैले सभामुख सबैको नेता बन्न सक्नुपर्छ। पार्टीको आबद्धता त्याग्नुपर्छ । नियमसंगत ढंगले सदन चलाउनुपर्छ । त्यसैले सभामुखले गरेको निर्णयका विरुद्धमा बोल्न हुँदैन भन्ने कुरा पनि नियमावलीमा नै लेखिएको छ । महाअभियोगको प्रस्तावमाथि छलफल हुने अवस्थामा बाहेक सभामुखको आलोचना गर्न पाइँदैन भन्ने पनि नियमावलीमा लेखिएको छ । तर फ्लोरमा कुरा उठ्छ । सभामुखले फलानाको बोली रेकर्डबाट हटाउने हो भने फलानाको पनि हटाउनुपर्छ। एकपक्षीय हुन हुन्न भन्छन् । यो बोलीका बारेमा सभामुख मौन रहन्छन्। वास्तवमा रेकर्डबाट हटाउने यस्ता अभिव्यक्ति हो । यस्ता अभिव्यक्तिले सभामुखको मानमर्दन गर्ने सभाको पनि मान मर्दन हुन्छ भन्ने आधारमा रेकर्डबाट हटाउने हो। त्यसो हुनसकेको पाइएन । सभामुखले सभामुखको आलोचना गर्न पाइँदैन भनेर लेखिएको नियम देखाउन सक्दैनन्।

संसद सरकारले बोलाएको बैठक हो, जसमा प्रतिपक्षीले मनग्ये आफ्ना कुरा भन्न पाउँछ। तर सबै कुराको जिम्मा सरकारले लिनुपर्छ । सबै प्रश्नहरूको जवाफ सरकारले दिनुपर्छ। संसदलाई अनुत्तरित छाड्न हुँदैन भन्ने मान्यताका आधारमा प्रतिपक्षीले उठाएका हरेक प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ । प्रधानमन्त्रीले जवाफ दिएपछि छलफल समाप्त हुन्छ।

यो परम्परा संसदीय प्रणाली अपनाएका मुलुकको त हुँदै हो, राष्ट्रपतीय प्रणाली भएका मुलुकमा पनि अवलम्बन हुन्छ । प्रधानमन्त्रीको जवाफपछि प्रतिपक्षी नेतालाई बोल्न दिने र सदनलाई अनुत्तरित बनाउने कुरा सार्वभौम संसदलाई अनुत्तरित बनाउने हो । सरकारले जवाफ दिन चाहेन भने पनि सोको जिम्मा सरकारले लिनुपर्छ।

सभामुखले त्यो अवस्था सिर्जना गरेको हो भने सदनको नेताको हैसियतमा सभामुखले जिम्मा लिनुपर्छ । किनकि सार्वभौम जनता सदन अनुत्तरित भएको देख्न चाहँदैनन् । सरकारले जवाफ तत्काल दिन नसक्ने हो भने समय माग्नुपर्छ। त्यो बन्दोबस्त सभामुखले मिलाउनुपर्छ । सदन अनुत्तरित अवस्थामा छाड्न मिल्दैन । यस्ता काम सदनमा बग्रेल्ती हुन थाल्नु राम्रो संकेत होइन।

संसदीय अभ्यासमा 'हाउस इन अर्डर' भन्ने गरिन्छ । यसको मर्म हो, सदन ढंगले चल्नुपर्छ। त्यसैका लागि सभामुख, नियमावली, परामर्श समिति बनाइएको हो। सभामुखलाई विश्वास गरेर सदनको नेता बनाएको हो । सदनमा विना प्रस्ताव छलफल हुँदैन भन्ने लेखिएको छ । विना एजेण्डामा छलफल हुन सक्दैन । यसका अलावा पनि सदनको काम–कारबाहीलाई डिरेल गर्न प्रयत्न भएको छ। सदन डिरेल हुने कुरा सदनको काम–कारबाहीका हिसाबले राम्रो मानिंदैन।

सदनमा भारत भ्रमण, नीति कार्यक्रम, बजेटको चर्चा चुलिंदा नक्कली भुटानी शरणार्थी प्रकरण छायामा परेको छ। नक्कली भुटानी शरणार्थी प्रकरणले 'लहरो तान्दा पहरो थर्किने' संभावना कमजोर भएको छ। यो काम सचेततापूर्वक गरिएको पनि हुन सक्छ।

यस्ता मामलामा सभामुखले समयोचित ध्यान दिन सकेको देखिएन । यसले आउँदा दिनमा पनि हाउसको अर्डर भत्किने खतरा बढाउँछ । हाउस अर्डरमा नहुँदा प्रतिपक्षले बोल्ने प्लेटफर्मको अन्त्य हुन्छ । प्रतिपक्षको आवाज विनाको सदन र लोकतन्त्र दुवै औचित्यहीन हुन पुग्दछन् । तसर्थ प्रतिपक्षले हाउसलाई बिथोल्न हैन, व्यवस्थित गर्न अर्को पक्षप्रति आक्रोश र गालीगलौज हैन, सौम्य र सभ्य भाषामा आफ्ना कुरा भन्न सक्नुपर्छ । जनता यति चलाख भइसके कि प्रतिपक्षीले सरकारको आलोचना र सत्ता पक्षले सरकारको बचाउ सुनेर मज्जा मान्नेवाला छैनन्।

सत्ता पक्षको आलोचनात्मक सावधानी र प्रतिपक्षीको रचनात्मक सुझावको अपेक्षा यतिबेलाको जनताको रुचिको विषय बनेको छ भनेर पनि हेक्का राख्न जरूरी छ। बहुचर्चित भनाइ छ, 'लोकतन्त्रमा संसदको काम भनेको असल कानुनमा ध्यान दिने हो सरकारका दैनिकीमा धेरै समय खेर फाल्न हुँदैन किनकि सरकारलाई बोली वा गालीले हैन कानुनले बाँध्न प्रयत्न गर्नुपर्छ।' तर हाम्रो दुर्भाग्य निर्वाचन भएलगत्तै बसेको सदनले एउटा पनि कानुन पारित गरेन। दोस्रो अधिवेशन पनि सरकारलाई गाली गर्न, बोली बिकाउन र तुष मेटाउनमा नै व्यस्त छ। यसले के परिणाम देला ?

भनिन्छ, 'संसदीय बहसको क्षेत्र भनेको जहाँ विचारहरूको द्वन्द्व हुन्छ, विचारहरूको समीकरण पनि हुन्छ, तब लोकतन्त्र मजबुत हुन्छ। सभामुखको भूमिका भनेको विचार र बहसमा पक्षधरता देखाउने हैन कि निष्पक्षता, तटस्थता सहित जनताको मनको आवाज बोल्ने थलोलाई जीवन्त बनाउनका निम्ति अधिकतम प्रयत्न गर्नेतर्फ केन्द्रित हुनुपर्दछ।' तब मात्र संसद संसद जस्तो, बहस बहस जस्तो हुन्छ । तब मात्रै लोकतन्त्र लोकतन्त्र जस्तो हुन्छ। यस्तो कुराको अपेक्षा सभामुख, सदन र सदनका जिम्मेवार पदाधिकारीहरूबाट गरिन्छ। (साभार–अनलाइनखबर)

## मधेश प्रदेशका ...........

लिनुपर्ने कानुनी व्यवस्था छ।

तर मधेश सरकारले स्पष्ट बहुमत कायमै रहेको भन्दै विश्वासको मत लिन पर्ने मनस्थितिमा थिएन । विश्वासको मत नलिए कानुनी अड्चन आउन सक्ने देखेपछि आज मुख्यमन्त्री सरोज यादवले प्रदेश सभाको आकस्मिक रुपमा विश्वासको मत लिने बिहान मात्र निर्णय गर्नु भएको थियो । जसको लागि प्रदेशसभा सचिवालयले बिहान ११ बजे प्रदेश सांसदहरुलाई उपस्थितिका लागि साँझ ५ बजे विशेष बैठक भनेर एसएमएस मार्फत जानकारी पठाएको थियो। प्रदेश सभामा एमालेका २३, कांग्रेस २२, जसपा १८, जनमत १३, लोकतान्त्रिक समाजवादी पार्टी लोसपा र माओवादी केन्द्रका ९-९, एकीकृत समाजवादीका सात सांसद छन् भने नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका एक/एक जना सांसद छन् । त्यस्तै ३ जना स्वतन्त्र सांसद छन्।

विश्वासको मत लिंदै मुख्यमन्त्री यादवले आगामी असार १ गते ल्याउन लागेको बजेट जनतामुखी हुने प्रतिबद्धता जनाउनुभएको छ । उहांले सरकारमाथि गरेको विश्वासले उर्जा बढेको भन्दै कसैलाई भेदभाव र काखापाखा नगरी अघि बढ्ने बताउनु भयो । संयन्त्र बनाएर प्रदेशलाई भ्रष्टाचार मुक्त गर्ने आश्वासन व्यक्त गर्दै उहांले विकास अघि बढाउने बताउनु भयो।

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय
भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय
भर्ना गराई नियमित रुपमा बिद्यालय पठाउ

पर्सागढी नगरपालिकाको कार्यालय
हरपुर,पर्सा

# राष्ट्रपति पौडेललाई २४ घण्टा डाक्टरहरूको निगरानीमा राखिने



काठमाण्डौं । मुटुमा समस्या देखिएपछि शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना भएका राष्ट्रपति रामचन्द्र पौडेललाई २४ घण्टा डाक्टरहरूको निगरानीमा राखिने अस्पतालले जनाएको छ। राष्ट्रपति पौडेलका स्वकीय सचिव चिरञ्जीवी अधिकारीले राष्ट्रपतिको मुटुको भल्व जाँच गर्नका लागि मङ्गलवार 'एन्जिओग्राफी' गरिएको जानकारी दिनुभयो।

एन्जिओग्राफी भल्वहरूमा रगतको प्रवाह हेर्न प्रयोग गरिने एक प्रकारको एक्स-रे जस्तै जाँच हो ।"यसअघि उहाँले अन्य समस्याको औषधी खाइरहेका कारण मुटुको जाँच गराउनुभएको थिएन। अहिले स्वास्थ्य ठिक भएपछि नियमित जाँचका लागि जानुभएको हो । एन्जिओग्राफी गरिएका कारण डाक्टरहरूको निगरानीमा हुनुहुन्छ," उहाले भनन् भयो । अस्पतालका कार्यकारी निर्देशक चन्द्रमणि अधिकारीले मङ्गलवार एक विज्ञप्ति जारी गर्दै राष्ट्रपति पोडेललाई बुधवार डिस्चार्ज गरिने जानकारी दिनु भएको छ।"उहाँको अवस्था सामान्य रहेको छ," विज्ञप्तिमा भनिएको छ।

# कलैया उपमहानगरपालिकाद्धारा वैदेशिक रोजगारबाट फर्केका व्यक्तीको लागि पुन: एकीकरण कार्यक्रम सन्चालन



कलैया । कलैया उपमहानगर पालिकाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तीको लागि पुन: एकीकरण कार्यक्रम को शुरुवात गरेको छ ।

उपमहानगरपालीकाको रोजगार शाखाले को कार्यकमको कलैयामा सुरुवात गरेकोहो । उपमहानगरपालीकाकी उपप्रमुख रोसन प्रबिणको अध्यक्षतामा सम्पन्न कार्यकम १० दिन सम्म चल्नेछ । उद्धाटन कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत नाथु प्रसाद साहले सीप सिकी आफ्नै गाउँ-शहरमा स्वरोजगार बन्नका निम्ति कार्यक्रम फलदायी हुने बताउनु भयो । सो कार्यक्रममा विदेशबाट फर्केका ६० जनालाई विभिन्न तालिम दिइनेछ। उदघाटन कार्यक्रममा प्रशासन प्रमुख दिवाकर झा, सामाजिक विकाश शाखा प्रमुख तपसी चौरसिया लगायतको सहभागी रहेका थियो। कार्यक्रमको संचालन रोजगार शाखा प्रमुख विवेक गुप्ताले गर्नु भएको थियो।

जन्म, मृत्यु, बसाई सराई ,विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

कलैया उपमहानगरपालिकाको कार्यालय
कलैया, बारा

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ

परसौनी गाउँपालिका
परसौनी, बारा

# महिला इमर्जिङ टिम्स कप क्रिकेट: नेपाल पाकिस्तानसँग ९ रनले पराजित




काठमाडौं। महिला इमर्जिङ टिम्स कप क्रिकेटमा नेपाल पाकिस्तानसँग ९ रनले पराजित भएको छ । हङकङमा चलिरहेको प्रतियोगिताको आफ्नो पहिलो खेलमा ८८ रनको लक्ष्य पाएको नेपालले २० ओभरमा ६ विकेट गुमाएर ७८ रन मात्र बनाउन सक्यो । नेपालका ओपनर कविता कुँवरले २० र कविता जोशीले नटआउट १५ रन बनाउनुभयो ।

यसअघि पाकिस्तानलाई ८७ रनमा समेट्न नेपालका इन्दु बर्माले ३ तथा कविता जोशी, सीता रानामगर र कविता कुँवरले २/२ विकेट लिनभयो । पाकिस्तानकी शावाल जुल्फिकारले २८ रन बनाउनुभयो ।

# मर्ज हुन इच्छुक त्रिविका सम्बन्धन प्राप्त क्याम्पसका लागि निवेदन आह्वान

काठमाडौं। त्रिभुवन विश्वविद्यालयले एकापसमा गाभिन (मर्ज) हुन चाहने सम्बन्धन प्राप्त क्याम्पसहरुलाई असार मसान्तसम्म निवेदन दिन आह्वान गरेको छ। त्रिविले सूचना निकालेर त्रिविबाट सम्बन्धन प्राप्त गरेका दुई वा दुईभन्दा बढी क्याम्पसहरु मर्ज हुन चाहेमा योजना निर्देशनालयमा निवेदन दिन सक्ने जनाएको हो।

मर्ज हुन चाहने क्याम्पसहरुले आफ्नो क्याम्पस सभा वा सञ्चालक समितिबाट समायोजन हुने निर्णय गराएर निर्देशनालयमा निवेदन दिन सक्नेछन्।

निवेदनको साथमा मर्ज हुन इच्छुक क्याम्पसको बेग्लाबेग्लै निवेदन, मर्ज गर्नुपर्ने औचित्य खुलेको र समाहित हुने क्याम्पस खारेज गर्ने समितिको निर्णय, सम्बन्धन पत्रहरु, नवीकरण पत्रहरु र अक्षयकोषको रसिदसमेत पेस गर्न त्रिविले भनेको छ।

## अशोक स्टिलमा ............

वडा नम्बर ५ मा रहेको अशोक स्टिलमा सिलिन्डर पड्किदा एक जनाको ज्यान गएको हो।

अशोक स्टिलमा भट्टीको ग्यास सिलिन्डर पड्किदा जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २० का जितेन्द्र चौधरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय सिमराले बताएको छ। घट्नाको एक हप्ता बितिसक्दा पनि उद्योगले घट्ना सार्वजनिक नगरेको कारण स्थानियहरु उद्योग माथी प्रश्न उठाउदै आसंकाको दृष्टीकोणले हेर्न थालेका छन्।

जेष्ठ १९ गते रातीको करिब २:३० को समयमा कामदारहरु काम गरिरहेको बेला अचानक भट्टीको ग्यास सिलिन्डर पड्किएको थियो। भट्टीको ग्यास सिलिन्डर पड्किएर जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २० का जितेन्द्र चौधरी गम्भिर घाईते भएका थिए।

गम्भिर घाईते भएका चौधरीलाई उपचारको लागि सिमरा स्थित अलपाईन अस्पतालमा लगिएको थियो तर त्याहा उपचार सम्भब नभएको हुदा थप उपचारको लागि उनलाई काठमाण्डौको कान्तिपुर अस्पतालमा लगिएको थियो । उनको उपचारको क्रममा जेष्ठ २७ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।प्रहरीले अशोक स्टिलका केही कर्मचारिलाई नियन्त्रणमा लिएको थियो । मृतकका परीवारले जाहेरी नदिएको र उधोगले पिडित परीवारलाई क्षेतीपुर्ती दिए पछी पकाउ गरीएका कर्मचारी छोडिएको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायव उपरीक्षक प्रदीप क्षेत्रीले बताउनु भयो ।

जन्म , मृत्यु, बसाई सराई ,विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

निजगढ नगरपालिका कार्यालय
निजगढ

जन्म , मृत्यु, बसाई सराई ,विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

करैयामाई गाउँपालिका कार्यालय, करैया

जन्म , मृत्यु, बसाई सराई ,विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आ आफ्नो वडा कार्यालयहरुमा गई निशुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

कोल्हवी नगरपालिका कार्यालय, कोल्हवी

# जिवन शैली र स्वास्थ्य

## ब्रेन ट्युमर भएको कसरी थाहा पाउने ?



मस्तिष्कमा अरबौं कोष हुन्छन्। यी कोषकै मद्दतले दिमागले काम गर्छ। तर तीनै कोषिकाको नियन्त्रण बिग्रिंदा दिमागको कोष नष्ट हुँदै जान्छ र क्यान्सरको रुपमा फैलिन थाल्छ। यस्तो अवस्थालाई ब्रेन ट्युमर भएको भनेर बुझिन्छ। यो ट्युमर एक किसिमको प्राणघातक रोग हो।

तर यसको बेलैमा पहिचान तथा उपचार भएमा बच्न पनि सकिन्छ। यसको संकेतलाई देखिंदा पनि पहिल्याउन नसक्दा ढिलाइ हुन सक्छ। त्यसैले समयमै संकेत र रोगबारे जानकार भएमा बच्न सकिन्छ। त्यसैले यस रोगबारे जागरुक गराउन विश्व ब्रेन ट्युमर दिवस विभिन्न कार्यक्रम गरी विश्वव्यापी रुपमा सचेतनापुर्वकमनाइने गरिन्छ।

यस्ता छन् ब्रेन ट्युमरका १० संकेत

१. ब्रेन ट्युमर भएमा अत्यधिक टाउको दुखिरहने गर्छ। जसबाट आराम पाउन औषधि खाँदा पनि निको हुँदैन। लगातार टाउको दुखिरहेमा तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुपर्छ।

२. आँखामा समस्या हुनु पनि ब्रेन ट्युमरको एक लक्षण हो। लगातार आँखा दुख्ने, धमिलो देख्ने र रङ छुट्याउन कठिन भएमा बेवास्ता गर्नु हुँदैन।

३. शरीरमा कुनै किसिमको झट्का महसुस हुनु, बिना कारण एक्कासि रिंगटा लाग्नु र शरीर काम्नु यो रोगको लक्षण हुन सक्छ।

४. कहिलेकाहीं एक ठाउँमा सामान राखेर भुल्ने गरिन्छ। जुन धेरैलाई हुन सक्छ। यो सामान्य हो। तर पटक-पटक स-साना कुरा पनि बिर्सिने गरेमा ब्रेन ट्युमरको लक्षण हुन सक्छ। साथै निद्रामा पनि समस्या देखिन सक्छ।

५. दिमागलाई आराम मिलेन भने अनुहार सुन्निन थाल्छ। शरीर र दिमागलाई आराम नै मिलेको अनुभूति हुँदैन भने तुरुन्त स्वास्थ्य जाँच गराउनुपर्छ।

६. ब्रेन ट्युमर दिमागमा हुन्छ। दिमागले नै शरीरलाई पूर्णरुपले नियन्त्रण गरिरहेको हुन्छ। तर ब्ल्याडरमा भने यसको नियन्त्रण हुँदैन। जसकारण बान्ता हुने, बेहोस हुने र कमजोरीको समस्या देखिन्छ।

७. ब्रेन ट्युमर भएमा अनुहारको रङ पनि परिवर्तन हुन थाल्छ। कहिलेकाहीं छालामा बैजनी, कहिले सेतो, नीलो, हरियो रंग देखिन थाल्छ। यस्ता लक्षण देखिएमा हल्का रुपमा लिनु हुँदैन।

८. धेरै पटक टाउकोको नसा चड्किएको जस्तो हुनु र अत्यधिक दुखाइ भएमा व्यक्तिले आफूलाई नियन्त्रण गर्न सक्दैन। कतिपयलाई ट्युमरको कारणले पनि यस्तो समस्या देखिन सक्छ।

९. घाँटीमा केही अड्किएको जस्तो हुनुका साथै शरीरको वजन पनि लगातार बढ्दै गएमा सावधान हुनु जरुरी छ।

१०. यदि बोल्ने र सुन्ने क्षमतामा समस्या भएमा चिकित्सकलाई देखाउनुपर्छ। यस्तो समस्या ब्रेन ट्युमरको संकेत हुन सक्छ। एजेन्सी

## साढे ३ महिना यताकै उच्च विन्दुमा नेप्से, कारोबार रकम ५ महिनापछिकै धेरै



काठमाण्डौ। सेयर बजारमा लगानीकर्ताको सक्रियता बढ्न लागेको छ। मंगलबार नेप्सेमा करिब ५ महिना यताकै उच्च रकमको कारोबार हुँदा बजार परिसूचक नेप्से पनि करिब साढे ३ महिनापछि दुई हजार अंकको विन्दुबाट माथि गएर बन्द भएको छ। बैंकिङ प्रणालीमा निक्षेप वद्धिको अनुपातमा कर्जाको माग न्यून भएर तरलता सहज बन्दै गएको छ। जसले बैंकहरुले निक्षेपको ब्याजदर घटउँदै लगेका छन् भने छोटो अवधिको ब्याजदरको अनुमान गर्नसक्ने ट्रेजरी बिलको औसत डिस्काउन्ट रेट पनि घट्दै गएको छ।

घट्दो ब्याजदर र तरलता सहज बन्दै जाँदा लगानीकर्ता बजार बढ्नेमा आशावादी देखिँदै सक्रिय बन्न लागेका छन्। जसले गर्दा लगातार छैटौं कारोबार दिन पनि बढेर साढे ३ महिना यताकै उच्च विन्दुमा पुगेको छ भने कारोबार रकम करिब ५ महिना यताकै उच्च भएको हो।

मंगलबार बजार परिसूचक नेप्से ३४.१७ वृद्धि हुँदा २०२०.६७ अंकमा बन्द भएको छ। यसअघि १५ फागुन २०७९ मा नेप्से २०२३.५४ अंकमा बन्द भएको थियो भने १६ फागुनमा २०१९.९३ अंकमा बन्द भएको थियो। त्यसपछि पनि २५ फागुनमा नेप्से २००२.७० अंकमा बन्द भएको थियो।

मंगलबार नेप्सेका सबै उपसूचकमा वृद्धि हुँदा नेप्सेका सबै उपसूचक बढेको छन्। उत्पादनमूलक उपसूचक सर्वाधिक ४.३२ प्रतिशतले वृद्धि हुँदा लघुवित्त उपसूचक २.६४ प्रतिशतले वृद्धि भएको छ। नेप्सेसँगै कारोबार रकम पनि ४ माघ यताकै उच्च पुगेको हो। ४ माघमा करिब ५ अर्बको कारोबार भएको बजारमा त्यसपछि कारोबार रकम ४ अर्ब नाघ्न सकेको थिएन। तर, मंगलबार नेप्सेमा ४ अर्ब १२ करोड ६७ लाखको कारोबार भएको छ।७० हजार ७५९ वटा कारोबारमा १ करोड ८ लाख १ हजार ६९३ कित्ता सुचिकृत धितोपत्र किनबेच हुँदा उक्त रकमको कारोबार भएको हो। जसमध्ये शिवम् सिमेन्टको सर्वाधिक २७ करोड ६७ लाखको कारोकार भएको छ। यस्तै हिमालयन डिस्टिलरीको १७ लाख ५१ हजार र आईएमई जनरल इन्स्योरेन्सको १६ करोड २७ लाखको कारोबार भएको हो। मंगलबार नेप्सेमा कुल २२३ सुचिकृत कम्पनीको सेयर कारोबार भएकोमा १९६ कम्पनीको सेयरमूल्यमा वृद्धि भएको छ। यस्तै २२ कम्पनीको सेयरमूल्यमा गिरावट हुँदा ५ कम्पनीको सेयरमूल्य स्थिर छ। मंगलबार वीन नेपाल लघुवित्तको सेयरमूल्य १० प्रतिशतले वृद्धि हुँदा भूगोल इनर्जी र सिटी होटलको सेयरमूल्य ९.९७ प्रतिशतले वृद्धि भएर सकारात्मक सर्किट मूल्यमा बन्द भएको छ। यस्तै हिमालयन डिस्टिलरीको ८.८० प्रतिशत र शिवम् सिमेन्टको सेयरमूल्य ८.२३ प्रतिशतले वृद्धि भएको छ। यता समंगलबार नै नयाँ उचाइ कायम गरेको युनिलिभरको सेयरमूल्य अन्तिममा ३.१४ प्रतिशतले घटेर बन्द हुँदा खप्तड लघुवित्तको सेयरमूल्य २.०१ प्रतिशत र अभियान लघुवित्तको सेयरमूल्य १.४४ प्रतिशतले गिरावट भएको छ।

## सन्चालनमा ल्याएको एक बर्ष पछि मलेशियाबाट आएको नेपाल एयरलाइन्सको जहाज गौतमबुद्ध विमानस्थलमा अवतरण



बुटवल। भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको एक वर्षपछि राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगमले पहिलोपटक मलेसिया-भैरहवा-काठमाडौं व्यवसायिक उडान सुरु गरेको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा मंगलबार बिहान पौने ९ बजे निगमको १ सय ५८ सिट क्षमताको न्यरोबडी विमान मलेसियाको राजधानी क्वालालम्पुरबाट भैरहवा अवतरण भएको छ।

साढे ७ बजे अवतरण हुने भनिएको जहाज झण्डै डेढ घण्टा ढिलो अवतरण भएको हो। विमानबाट ३१ जना यात्रु भैरहवा अवतरण भएका छन्। नेपाली वायु सेवाको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएकाले यात्रुहरुलाई पर्यटनमन्त्री सुदन किरातीले विमानस्थलमा स्वागत गरेका छन्। भैरहवामा यात्रुलाई ओरालेपछि विमान काठमाडौंमा अवतरणका लागि उडने छ।

विमानमा मलेशियामा रोजगारी गरेर घर फर्केका नेपालीहरुका साथै मलेसियाका पर्यटन व्यवसायीहरु भैरहवामा अवतरण गरेका छन् भने बाँकी काठमाडौं ओर्लने छन्। नेपाल वायु सेवा निगमका सहप्रवक्ता गणेश घिमिरेका अनुसार, निगमले जेठ पहिलो साता मलेसिया(भैरहवा उडानको घोषणा गर्दै सुरुमा मलेसिया(भैरहवाका लागि प्रवर्द्धनात्मक हवाई भाडा ११ हजार रुपैयाँ घोषणा गरेको थियो। तर अहिले मलेसिया(भैरहवा ३१ हजार र मलेसिया(काठमाडौं ५६ हजार रुपैयाँ दरमा एकतर्फी टिकट बिक्री गरिरहेको सहप्रवक्ता घिमिरेले भने।

मलेसियाबाट भैरहवाको उडान समय ४ घण्टा ४५ मिनेट हाराहारी रहनेछ। न्यारोबडी विमानका लागि भैरहवाबाट काठमाडौं उडान समय २५ मिनेट हाराहारी लाग्छ। निगमका उपनिर्देशक रमेश पौडेलले पहिलो चरणमा न्यरोबडीबाट सातामा एउटा उडान गर्ने बताए। भारतले एअररुट अनुमति दिईहाले चाँडै मलेसिया(भैरहवा(दिल्ली(काठमाडौं उडान गर्ने योजना रहेको उनले बताए।

०७९ जेठमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेको मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा नेपाल वायुसेवा निगमका न्यारोबडी र वाइडबडी विमानले परीक्षण उडान गरे पनि व्यवसायिक उडान गर्नेमा कुबेतको जजिरा एयरलायन्स मात्रै थियो। जजिरापछि नेपाली लगानीकर्तासमेत रहेको हिमालय एयरलायन्सले कात्तिकमा मलेसिया चार्टर उडान गरेको थियो। हाल यी दुबै वायुसेवाले नियमित तथा चार्टर उडानलाई निरन्तरता दिएका छैनन्।

भैरहवा विमानस्थलका महाप्रवन्धक हंशराज पाण्डेका अनुसार, निगमले मलेसियाबाट भैरहवा हुँदै काठमाडौंका लागि गर्ने उडानलाई टर्न(अराउण्ड उडान भनिन्छ। यस्तो उडानमा जहाजले यात्रु ओरालेर फर्किहाल्छ। त्यहाँबाट यात्रु राख्न पनि पाइँदैन। साथै चालक दलका सदस्यहरु पनि हेरफेर हुँदैनन्।

## निजगढ नगरपालिका.......

तिमल्सिना, ६ नं. वडा अध्यक्ष घनश्याम तिमल्सिना, ८ नं. वडा अध्यक्ष स्वर्ण लामा, ९ नं. वडा अध्यक्ष रामचन्द्र कटुवाल, नगर कार्यपालिका सदस्यहरु र नगर कार्यपालिकाको कार्यालय, निजगढका शाखा, उपशाखा र इकाई प्रमुखहरुको उपस्थिति रहेको थियो।

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ

परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा

बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भनाई गराई नियमित रुपमा बिद्यालय पठाउ

पोखरिया नगरपालिका
पोखरिया, पर्सा

कामना खबर Kamana Khabar Weekly साप्ताहिक


# अनेरास्ववियुद्वारा संस्थागत विद्यालयको छात्रवृत्ति पारदर्शी बनाउन जितपुरसिमरासँग माग



सिमरा । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन ( अनेरास्वविु) ले सामुदायिक तथा संस्थागत विद्यालयमा वितरण गरिने छात्रवृत्तिको विवरणलाई पारदर्शी बनाउन माग गरेको छ । अनेरास्ववियुको केन्द्रीय कमिटीको निर्देशन अनुसार बाराले जिल्लाको सबै तहका स्थानीय तहसंग छात्रवृति वितरणाको अवस्थालाई पारदर्शी बनाउन माग गरेको हो ।

केन्द्रीय निर्देशन कार्यान्यवनका सिलसिलामा जिल्ला अध्यक्ष सम्राट खनालको नेतृत्वमा सोमबार जीतपुरसिमरा उपमहानगरपालिका पुगेको अरेरास्ववियुको टोलीले नगर प्रमुख राजन पौडेललाई ध्यानाकर्षण पत्र बुझाएका छन्। नगर प्रमुखलाई पत्र बुझाउदै अनेरास्ववियुले सामुदायिक विद्यालयबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण उपलब्ध गराउन र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण विद्यालय भवनको भित्तामा राख्न अनुरोध गरेको छ ।

सामुदायिक विद्यालय सुधारका निम्ति अनेरास्ववियुले एक विद्यालय महिनामा एक स्वयंसेवक शिक्षक बनेर जाने र विद्यालयमा रहेका कमीकमजोरी सुधारका लागि पहल गर्ने केन्द्रीय निर्णय भएअनुसार उक्त अभियानमा सहजीकरण गर्न नगर प्रमुख पौडेलसंग माग गरेको छ । पत्र बुझाउने क्रममा अनेरास्वविु मधेस प्रदेश कमिटिका सम्योजक त्रिलोक विक्रम शाह, केन्द्रीय सदस्य लक्ष्मी तिमिल्सिना, केन्द्रीय सदस्य मनिष प्याकुरेल, जिल्ला उपसचिव निर्जल घिमिरे, जीतपुरसिमरा नगर कमिटी अध्यक्ष इश्वर बस्नेतलगायतको सहभागिता रहेको थियो ।

# निर्माण व्यवसायी रामाकान्त चौरसियाद्वारा सिडिओ कार्यालयमा हातपात र तोडफोड गरेको आरोपमा पक्राउ,सहमती पछि रिहा



पर्सा । निर्माण व्यवसायी संघ पर्साका पूर्वअध्यक्ष रामाकान्त चौरसिया पक्राउ परेका छन् । छलफलका क्रममा अर्को पक्षमाथि हातपात गरेको आरोपमा चौरसियालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । जिल्ला प्रशासन कार्यालय (सिडिओ) पर्सामा सहायक प्रमुख जिल्ला अधिकारीको रोहबरमा चलिरहेको छलफलका क्रममा चौरसियाले अर्को पक्षका व्यक्तिमाथि हातपात गर्दै कार्यालयमा रहेको टेबल तोडफोड समेत गरेपछिपछि उनलाई नियन्त्रणमा लिएको र सहमती पछी रिहा गरीएको पर्सा प्रहरीले जनाएको छ ।

पर्सा प्रहरी नायव उपरीक्षक (डिएसपी) निर्मल बुढाथोकीकाअनुसार जिल्ला प्रशासन कार्यालयमा हातपात र तोडफोड गरेको भन्ने सूचनाको आधारमा चौरसियालाई नियन्त्रणमा लिइएको हो । निर्माणको क्रममा भएको लेनदेनको विषयलाई लिएर सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलको रोहबरमा चौरसिया र अर्का एक निर्माण व्यवसायी विच छलफल चलिरहेको थियो । छलफलकै क्रममा उनीहरुले एक अर्कामाथि हातपात गर्दै तोडफोड समेत गरेपछि प्रहरीमा पठाइदिएको सहायक प्रमुख जिल्ला अधिकारि भीमकान्त पौडेलले बताउनु भयो र सांझ भोली पल्ट १० बजे छलफलमा आउने गरी छोडिएको र छलफलमा चौरसीयाले श्रावण ५ गते भित्र अर्का ब्यावसायीको हिसाब मिलान गर्ने सहमती पछि पठाइएको निर्मल बुढाथोकीले बताउनु भयो ।

# पर्साको ठोरीमा मानव निर्मित बिशाल ताल सहित चिल्ड्रेन पार्कको शिलन्यास



ठोरी । ठोरी गाउँपालीकाको मालीबस्ती स्थित ओरीया खोला नजिकै मानव निर्मित बिशाल ताल सहित चिल्ड्रेन फनपार्क निर्माण हुने भएको छ। सो फन पार्क लगाएका संरचनाको आज ठोरी गाउँपालीका अध्यक्ष लालबहादुर श्रेष्ठ र सक्सेस ग्रुपका अध्यक्ष खगेन्द्र शिवाकोटीले विधि पुर्वक पुजा गरि शिलान्यास गर्नु भएको छ। सो अबसरमा बोल्दै अध्यक्ष श्रेष्ठले पालिकालाइ पर्यटनको माध्यम बाट अगाडि बडाउन आफुलागेको बताउनु भयो ।

मालीबस्तीमा रहेको माध्यमिक बिधालय बिजयबस्तीको जग्गा र मालीबस्तीका केही स्थानीय बासीको जग्गा पच्चीस बर्षको लागि भाडामा लिएर काम सुरु गर्न लागेको सक्सेस ग्रुप अर्गानिक फर्म प्रालि काठमाडौं का अध्यक्ष खगेन्द्र शिवाकोटीले बताउनु भयो।

मानव निर्मित विशाल ठोरी बाघमोर्चा नाम दिइएको ताल निर्माण गरि स्तरीय बोर्टको व्यवस्था,होम स्टे सहित विभिन्न संरचना निर्माण गरी ठोरीमा आन्तरिक तथा बाह्रय पर्यटक लाई प्रवद्वन गर्ने उद्देश्यले जग्गा लिई काम अगाडि बनाउन लागिएको ग्रुप दामी छ । शिलान्यास कार्यक्रममा माबि बिजयबस्ती बिधालयका अध्यक्ष मनोज श्रेष्ठ, सक्सेस ग्रुपका प्रतिनिधि,प्राबिधिक टोली,स्थानीय समाजसेवी राम बहादुर श्रेष्ठ,स्थानीयबासी विभिन्न राजनीतिक दलका प्रतिनिधि लगाएको उपस्थिति रहेको थियो ।

# पर्सागढी नगरपालिकाका नगर प्रमुख गोकर्ण पाठकद्धारा बिकासनिर्माणको अनुगमन



पर्सा । पर्सागढी नगरपालिकाका नगर प्रमुख गोकर्ण पाठकले बिकास निर्माणका कमको अनुगमन गर्नु भएको छ । प्रमुख पाठकले वडा नम्बर ४ को बर्वाटाँडी हुँदै बढ्नीहार जाने सडक र प्रश्रामपुरको सडक ढलानको अनुगमनको गर्नु भएको हो । सो अवसरमा निर्माणकर्तालाई निर्देशन दिदै प्रमुख पाठकले सडक निर्माणको कामलाई गुणस्तरीय रुपमा गर्न आग्रह गर्नु भयो । गुणास्तरयुक्त काम प्रति आफु प्रतिबद्ध रहेको स्पष्ट पर्नु भयो ।

प्रमुख पाठकले पर्सागढीमा स्वास्थ्य,शिक्षा र कृषीको हरेक समस्या समाधान गर्न नगरपालीकाले बिभिन्न योजना बनाएर अघि बडेको बताउनु भयो ।

# जितपुरसिमरामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत अगरबत्ती उधोगको उद्घाटन



सिमरा । जितपुरसिमरा उपमहानगरपालिकाले सन्चालनगरेको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा सञ्चालित कार्यक्रमको उद्धाटन तथा समापन गरिएको छ ।

जितपुरसिमराको वडा नं ८ मा अगरबत्ती उधोगको नगर प्रमुख राजन पौडेलले उद्धाटन गर्नु भएको हो। सो अवसरमा प्रविधि हस्तान्तरण समेत गरिएको छ । त्यसै गरि जितपुरसिमरा वडा न ५ को बकुलियामा ३२ दिने एड्भान्स गार्मेन्ट फेब्रीकेटर सीप विकास तालीमको समापन गरिएको छ । सो अवसरमा जितपुरसिमराका उपप्रमुख भोला प्रसाद अधिकारि अधिकारी वडा नम्बर ८ का अध्यक्ष शिबशन्कर कुशवाहा,वडा नम्बर ५ का अध्यक्ष दिपेन्द्र चौधरि,क्षिक्षा प्रमुख शिबजी साह,रिना बजगाइ,रिता कन्डेलगायतको उपस्थिति रहेको थियो ।